


राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

विवाहलगायत अन्य भोजभतेरमा फजुलखर्च रोकौं, सभ्य र जिम्मेवार नागरिकको परिचय दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

❑ वर्ष २२ ❑ अङ्क ३२३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ मंसिर २८ गते मंगलबार ❑ 14 Dec. 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## पोखरा महानगरको प्रशासकीय भवन शिलान्यास

पोखरापत्र संवाददाता
पोखरा, २७ मंसिर

पोखरा महानगरपालिकाले आफ्नो सुविधासम्पन्न र अत्याधुनिक प्रशासकीय भवन निर्माण सुरु गरेको छ।

पोखरा-८ नयाँबजार स्थित दमकलमार्गमा महानगरको आफ्नै चार रोपनी क्षेत्रफल जमिनमा निर्माण गरिने भवनको आज महानगरका उपप्रमुख मञ्जुदेवी गुरुङले शिलान्यास गर्नुभयो । साबिक पोखरा नगरपालिका हुँदादेखिको साँघुरो भवनबाट सेवा दिँदै आएको महानगरले यसअघि पटक/पटक भवन निर्माणका लागि जमिन खोजी गरेको तर जमिन अभावमा प्रशासनिक भवन निर्माण प्रक्रिया अघि बढ्न सकेको थिएन । महानगरका अनुसार 'अन्डरग्राउन्ड पार्किङ' सहितको पाँचतलाको भवन रु १९ करोड पाँच लाख छ हजार ३०८ लागतमा निर्माण हुनेछ।



सो भवन आगामी १८ महिनाभित्रमा निर्माण सम्पन्न गर्ने गरी भूमि बुद्ध/ओम बुद्ध जेभी विराटनगरसँग गत असोज १० गते ठेक्का सम्झौता गरिएको महानगर वरिष्ठ इन्जिनियर पूर्णबहादुर गुरुङले बताउनुभयो। भवन शिलान्यास गर्दै उपप्रमुख गुरुङले भवन निर्माणपछि महानगरका सबै महाशाखा एउटै भवनमा रहने र प्रदान गरिने सेवासमेत प्रभावकारी हुने बताउनुभयो । उहाँले निर्धारित समयभित्रमा गुणस्तरीय रुपमा निर्माण सम्पन्न गर्न आग्रह गर्नुभयो । हाल महानगरका विषयगत कार्यालय र महाशाखा फरकफरक स्थानमा रहँदा नागरिकले सहज सेवा पाउन सकेको छैनन् ।

प्रमुख प्रशासकीय अधिकृत बलराम रिजालले विकासँग जोडिएको प्रशासकीय भवन निर्माणका लागि सबैको सहयोग र साथ आवश्यक रहेको बताउनुभयो । स्थानीयवासीले भने महानगरको सो जमिन भएको क्षेत्रलाई खुला नै राखेर उद्यानका रुपमा विकास गर्नुपर्ने भन्दै शिलान्यासमा केही बेर अवरोध गरेका थिए । पाँचवटा स्थानीय तह रहेको जिल्लामा माछापुच्छ्रे गाउँपालिकाको प्रशासकीय भवन निर्माणको अन्तिम चरणमा रहेको छ। अन्य पालिकामा भने जमिन अभाव तथा पालिकाको केन्द्र टुङ्गो लाग्न नसक्दा प्रशासकीय भवनको काम अघि बढ्न सकेको छैन ।

## संसदको हिंउदे अधिवेशनको मुख्य एजेण्डा विधेयकमै केन्द्रित रहने

रासस
काठमाडौं, २७ मंसिर

सभामुख अग्निप्रसाद सापकोटाले सङ्घीय संसद्को मङ्गलबारदेखि सुरु हुने नियमित हिँउदे अधिवेशन भएकाले त्यसको मुख्य एजेण्डा विधेयकमै केन्द्रित रहने बताउनुभएको छ।

नयाँ बानेश्वरस्थित संसद् भवनमा अधिवेशनका लागि भएको तयारी जानकारी लिएपछि सञ्चारर्मीलाई संक्षिप्त प्रतिक्रिया दिँदै उहाँले अधिवेशनका लागि समग्र व्यवस्थापनका पाटोबाट सबै तयारी पूरा भएको जानकारी दिनुभयो । सभामुख सापकोटाले भन्नुभयो,"सदन सहमतिका साथ अघि बढाउन मैले तटस्थ, स्वतन्त्र र निष्पक्षरुपमा संविधान र प्रतिनिधिसभाको नियमावलीमा टेकेर काम गर्न प्रतिबद्ध छु । यस सम्बन्धमा जनतालाई प्रष्ट पार्दै लगेको छु, कहीँकतै अस्पष्टता भएमा व्यवहार र कामबाटै प्रष्ट हुनेछ।" सदनमा दलकै भूमिका निर्णयक हुने भएकाले खेलमा अम्पायर जस्तै सभामुखका हैसियतले सदन सुचारु भएपछि समन्वय र सहजीकरणको भूमिका देखिँदै जाने बताउँनुभयो । उहाँले भन्नुभयो, "संविधान, कानूनले निर्दिष्ट गरेअनुरुप समन्वय र सहजिकरण गर्दै सदन अघि बढछ । प्राप्त भूमिका अनुसार कार्यव्यवस्था र दलको बैठक डाकेर सदन सुचारु गर्न हरसम्भव प्रहल र प्रयत्न हुनेछ।" नेकपा (एमाले)का सांसद गणेश पहाडी स्वभाविकरुपमा हिँउदे अधिवेशनमा विधेयककै विषयमा केन्द्रित रहेर अघि बढ्नुपर्ने प्रतिक्रिया दिनुभयो।

उहाँले भन्नुभयो,"हिउँदे भने वित्तिकै विधेयक अधिवेशन हो, संसद्मा पहिलेदेखिनै धेरै विधेयक थुप्रेर बसेका छन् । ती विधेयकलाई टुङ्गोमा पुऱ्याउनपर्नेछ, संसद्मा टेबल भएका अरु विधेयकमाथि छलफल गर्न पर्नेछ ।"संसद् भोलिबाट सुरु हुन लागे पनि कार्यव्यवस्थाको बैठक बसेर प्रमुख प्रतिपक्षसँग सदन सञ्चालन गर्ने र एजेण्डा तय गर्ने भन्ने सन्दर्भमा कुनै सरल्लाह र छलफल नभएको बताउँदै नेता पहाडीले यस हिसाबले सत्तापक्ष फेरि पनि एकपक्षीय ढङ्गले सदन चलाउन खोज्न कि जस्तो भान भएको प्रतिक्रिया दिनुभयो । संसदीय व्यवस्था भएका मुलुकमा संसद् भनेको प्रतिपक्षको हो भन्ने पक्षलाई हेक्का राख्न जरुरी भएको बताउँदै उहाँले भन्नुभयो,"सल्लाह र छलफलबिना अघि बढ्न खोज्यो भने स्वभाविकरुपमा समस्या आउछ, अघिल्लो अधिवेशन अवरुद्ध गरिरहेकै बेला स्थगित भएका हाम्रा एजेण्डा थाँति नै छन्।"

सांसद पहाडीले सदनलाई कसरी नियमितरुपमा अघि बढाउने भन्ने सन्दर्भमा सत्तापक्ष र सभामुखले सहमतिका आधारमा नियमित तुल्याउन मुख्यरुपमा पहल र अग्रसरता लिनुपर्नेमा जोड दिनुभयो । राष्ट्रियसभा सदस्य रामनारायण विडारीले समयमा कानुन नबन्दा अनेकौ व्यवधान भएकाले संसद्को यो नियमित हिउँदे अधिवेशनलाई कानुन निर्माणमै केन्द्रित तुल्याउन आवश्यक रहेको बताउनुभयो । उहाँले भन्नुभयो, "अदालतले जनप्रतिनिधिको थलो संसद् क्रियाशील हुनुपर्छ भन्ने मान्यताकासाथ ब्यूँत्याएकाले विधेयक पास गर्ने क्रममा सदन सक्रिय हुनुपर्छ, यसबीचमा जारी भएका अध्यादेशलाई पारित गर्नपर्छ ।"सदन सञ्चालन भए पनि मुलुकका जल्दाबल्दा विषय एमसिसी र न्यायालयलयसँग जोडिए आएका प्रश्नका विषय छलफलका लागि स्वभाविक रुपमा प्रवेश पाउने बताउँदै राष्ट्रियसभा सदस्य विडारीले संविधानको मर्म र भावना अनुरुप कानुन निर्माणमै सदनलाई केन्द्रित तुल्याउनुपर्ने धारणा व्यक्त गर्नुभयो ।

संसद् सचिवालयका महासचिव डा. भरतराज गौतमले कोभिड-१९ को अहिले जोखिम कम देखिए पनि नयाँ भेरियन्टकाकारण उच्च स्वास्थ्य सुरक्षामा ध्यान दिइने जानकारी

बाँकी अन्तिम पृष्ठमा ▶▶

## माओवादी केन्द्र गण्डकीका अध्यक्षमा गुरुङ

पोखरापत्र संवाददाता
पोखरा, २७ मंसिर

नेपाल कम्युनिष्ट पार्टी( माओवादी केन्द्र) गण्डकी प्रदेश समितिका अध्यक्षमा गायत्री गुरुङ सर्वसम्मत चयन हुनुभएको छ।

प्रदेश समितिको यही मङ्सिर २५ गतेदेखि पोखरामा सुरु भएर सोमबार बिहान सम्पन्न प्रथम अधिवेशनले उहाँका अध्यक्षतामा २०१ सदस्यीय समिति निर्वाचित गरेको हो । अध्यक्षमा चयन हुनुभएका नेत्री गुरुङ माओवादी केन्द्र गण्डकी प्रदेशसभा संसदीय दलको प्रमुख



सचेतकसमेत हुनुहुन्छ । उहाँ अखिल नेपाल महिला सङ्घ( क्रान्तिकारी)को केन्द्रीय सचिवको जिम्मेवारीमा समेत रहनुभएको छ। गण्डकी प्रदेशको पार्टी सङ्गठनलाई व्यवस्थित गर्दै पार्टी निर्माणमा आफू क्रियाशील रहने अध्यक्ष गुरुङले प्रतिबद्धता व्यक्त गर्नुभयो । अधिवेशनले अध्यक्ष सर्वसम्मत निर्वाचित गरे पनि अन्य पदाधिकारी भने चयन गरेको छ। नवनिर्वाचित कमिटीको पहिलो बैठकबाट पदाधिकारी चयन गरिने नवनिर्वाचित अध्यक्ष गुरुङले जानकारी दिनुभयो ।

माओवादी केन्द्रले मङ्सिर २५ गते एकै दिन सात भौगोलिक प्रदेश र दुई गैरभौगोलिक प्रदेशको सम्मेलन आयोजना गरेको थियो ।

## शिक्षकलाई राजनीतिक दलको उम्मेदवार बन्न रोक

रासस
काठमाडौं, २७ मंसिर

सर्वोच्च अदालतले शिक्षकहरूलाई राजनीतिक दलको महाधिवेशन प्रतिनिधि, केन्द्रीय कार्यसमितिको मतदाता र उम्मेदवार बन्ने कार्य नगर्न अन्तरिम आदेश जारी गरेको छ।

न्यायाधीश तेजबहादुर केसीको इजलासले आइतबार उक्त आदेश जारी गरेको हो । आदेशमा भनिएको छ, 'हाल नेपाली काँग्रेसको क्षेत्रीय प्रतिनिधि पद ग्रहण गरेका प्रत्यर्थी विपक्षीलाई सोभन्दा माथिल्लो तहको अधिवेशन र केन्द्रीय महाधिवेशन प्रतिनिधि र केन्द्रीय कार्यसमितिमा मतदाता हुन र उम्मेदवार बन्ने बनाउने कार्य नगर्नु नगराउनु भनि सर्वोच्च अदालत नियमावली २०७४ को नियम ४९ बमोजिम अन्तरिम आदेश जारी गरिदिएको छ।'

भक्तबहादुर बस्नेतसहितले दायर गरेको रिट निवेदनमा अदालतले सरकारी शिक्षकहरू काँग्रेस प्रतिनिधि चुनिएको र त्यो प्रचलित कानुनको विपरीत भएको उल्लेख गर्दै शिक्षकलाई राजनीतिक दलका कुनै पनि तहको अधिवेशन र कार्यसमितिमा मतदाता हुन र उम्मेदवार बन्ने बनाउने कार्यलाई रोक्न माग गर्दै रिट निवेदन दायर गर्नुभएको थियो । रिट निवेदनमा नेपाली काँग्रेसको १४औं महाधिवेशनमा शिक्षकसमेत प्रतिनिधि भएर मतदानमा समेत संलग्न भएकाले रोक्न रिटमा माग गरिएको थियो । आदेशमा राष्ट्रसेवक शिक्षकलाई प्रचलित कानुनले राजनीतिमा भाग लिन रोक लगाएको र भाग लिएमा सजायसमेत हुने व्यवस्था गरेको र सो कार्य प्रथम दृष्टिमै कानुनको व्यवस्थाविपरीत भएको ठहर गरेको छ । आदेशमा भनिएको छ, 'शिक्षक राष्ट्र सेवक कर्मचारी र देशमा नागरिकलाई शिक्षित बनाउने गुरुत्तर दायित्व बोकेका वर्ग हुँदा निजहरूलाई कुनै पनि दलको सदस्य भएर वा सदस्य समान भै राजनीतिमा भाग लिने कानुनसम्मत होइन ।'



# मौजामा आयोजित स्वास्थ्य शिविरमा ४ सय ६६ ले स्वास्थ्य परीक्षण गराए

**पोखरापत्र संवाददाता**
**पोखरा, २७ मंसिर**

पोखरा महानगरपालिका वडा नम्बर २० मौजामा आयोजित बृहत निशुल्क स्वास्थ्य शिविरमा ४ सय ६६ जनाले स्वास्थ्य परीक्षण गराएका छन ।



पोखरा महानगरपालिका वडा नम्वर २० र विपन्न समुदाय र जैविक विविधता सहयोथी संस्था (नेलम्बो) नेपाल पोखरा ४ गैह्रापाटनको संयुक्त आयोजनामा सम्पन्न बृहत निशुल्क स्वास्थ्य शिविरमा ४ सय ६६ जनाले स्वास्थ्य परीक्षण गराएको पोखरा २० का वडाअध्यक्ष सिम बहादुर गुरुङले जानकारी दिए ।

पोखरा महानगरपालिकाको साविकको भलाम र मौजा गाविसका स्थानियलाई लक्षित गरी उक्त शिविरको आयोजना गरिएको र आफुहरुको लक्ष्य अनुसार स्वास्थ्य शिविर सम्पन्न भएको समेत अध्यक्ष गुरुङले वताए । आगामी दिनमा पनि नेलम्बो नेपालसंग मिलेर स्वास्थ्य शिविर संगै वडा भित्र विपन्न समुदायर जैविक विविधताको क्षेत्रमा समेत काम गर्न आफुहरु तयार रहेको उनको भनाइ रहेको थियो ।

शिविरमा आफुहरुले सोचेको जस्तो स्थानियको उल्लेख्य सहभागीता पाउदा आफुहरु निकै खुसी भएको नेलम्बो नेपालका अध्यक्ष एकदेव देवकोटाले वताए । शिविरमात्र नभइ आगामी दिनमा विपन्न समुदाय र जैविक विविधताको क्षेत्रमा समेत वडासंग समन्वय गरेर अगाडि वढ्ने उनको भनाइ रहेको थियो । शिविर संगै उक्त अवसरमा कोभिडको नया भेरिएन्ट ओमिक्रोनको जोखिमलाई मध्येनजर गरी मौजा स्वास्थ्य चौकीलाई एक थान अक्सिजन कन्सन्ट्रेटर समेत प्रदान गरिएको उनले वताए । उक्त शिविरमा सहभागी भएका मध्ये १४ जना जटिल प्रकारका समस्या देखिएकाहरुलाई थप उपचारको लागि पोखराका विभिन्न अस्पतालहरुमा ब्यवस्था मिलाइएको समेत उनले जानकारी दिए । दुई दिन सम्म आयोजना भएको स्वास्थ्य शिविरमा ४ सय ६६ जनाले नाम दर्ता गराएको र उनीहरु मध्ये ९ सय ७० वटा स्वास्थ्य सम्बन्धी सेवा लिएका छन । शिविरमा २ सय ९६ जनाले सामान्य चेकजांच गराएका थिएभने २ सय जनाले हाडजोर्नी सम्वन्धी उपचार गराएका छन । शिविरमा १ सय ३३ जनाले दन्त परीक्षण, नाक, कान, घांटी सम्वन्धी ७५, महिला सम्बन्धी ५७, ५३ जनाले छालाको परीक्षण, ४७ जनाले भिडियो एक्सरे, ५३ जनाले छालाको परीक्षण, ३४ जनाले मुटुको इसिजी र ६८ जनाले रगत र पिसावको परीक्षण र ७ जनाले युरोलोजी सम्वन्धी परीक्षण गराएको नेलम्बो नेपालका जनसम्पर्क अधिकृत भीम प्रसाद भण्डारीले जानकारी दिए । शिविरमा वरिष्ठ जनरल सर्जन तथा युरोलोजिष्ट डाक्टर अनुप चापागाई, डाक्टर अनिश भुषाल, डाक्टर बुनु गौडेल,डाक्टर प्रकाश कार्की, डाक्टर सिजन मरासिनि र डाक्टर अंकुर केसि लगायतले विरामिको परिक्षण गरेका थिएभने टेक्निकल अफिसर रवि गुरुङ, स्वास्थ्य अधिकृत निर्मला देवकोटा, अनुसन्धान अधिकृत समिका बस्नेत, डेण्टल हाईजेनिष्ट स्नेहा खड्का, सुस्मि बुढा, फार्मेसिष्ट सुशील त्रिपाठी, शैलेस बाबू वराल, नर्स अस्मिता थापा र ल्याव टेक्निसियन सपना तिमिल्सिना, मौजा तथा भलाम स्वास्थ्यचौकिका स्वास्थ्यकर्मी हरुले सहजिकरण गरेका थिए ।

# संसदको...

दिनुभयो । उहाँले भन्नुभयो, "मङ्गलबारदेखि प्रारम्भ हुने सङ्घीय संसद्को दुवै सदनको प्राविधिक, स्वास्थ्यमापदण्ड र सिट व्यवस्थापनलगायतका तयारीबारे सभामुखबाट अवलोकन भइसकेको छ । अधिवेशनका सबै तयारी पूरा भएको छ ।"

राष्ट्रपतिविद्यादेवीभण्डारीले सरकारको सिफारिसमा दुवै सदनको अधिवेशन मङ्ङ्गलबार दिनको २ बजे बस्ने गरी यही मङ्सिर १७ गते आह्वान गर्नुभएको थियो । यसअघि संसद् भवन परिसरमा सभामुख, राष्ट्रियसभा उपाध्यक्ष, नेकपा (एकीकृत समाजवादी)का अध्यक्ष माधवकुमार नेपाललगायतले कोभिड-१९ एन्टिजेन परीक्षण गराउनुभएको थियो ।

# नाटक लेखन कार्यशालाका लागि ८ जना छानिए

**पोखरापत्र संवाददाता**
**पोखरा, २७ मंसिर**

पोखरामा पौष १ गतेबाट सुरु हुने नाटक लेखन कार्यशालाका लागि ८ जना सहभागी छनोट भएका छन् ।

नाटक लेखन कार्यशालाका लागि खुल्ला रुपमा आवेदन खुलाइएकोमा कुल १५ जना आवेदक मध्येबाट ८ जना छानिएको पोखरा थिएटरका अध्यक्ष तथा क्रियटिभ डाइरेक्टर परिवर्तनले जनाउनुभयो ।

यसरी छनोट हुनेमा गुल्मीकी रिता ज्ञवाली, झापाकी गीता बुढाक्षेत्री, संखुवासभाकी पत्रिका घिमिरे, हुम्लाका नरेन्द्र बुढाथोकी रहेका छन् । यसैगरी कास्कीका शरद भण्डारी, दर्शन कुँवर, अजय जिसी र रोशनी श्रेष्ठ समेत छनोटमा पर्न सफल भएका छन् । नाटकको नमुना पठाएर आवेदन दिएका मध्येबाट सहभागी छनोट गरिएको कार्यक्रम संयोजक तथा गण्डकी प्रज्ञा प्रतिष्ठानका प्राज्ञ सदस्य सुरेन्द्र गुरुङले बताउनुभयो । 'कार्यशालामा सहभागी हुनका लागि नाटकको नमुना पठाउनु पर्ने थियो । सहभागी हुन इच्छुकले एक हजार शब्दमा नबढाई नमुना नाटक लेखेर पठाउनुभयो त्यसको आधारमा सहभागी छनोट गरिएको हो' संयोजक गुरुङले भन्नुभयो । नाटक लेखन कार्यशाला गण्डकी प्रज्ञा प्रतिष्ठान र पोखरा प्रज्ञा प्रतिष्ठानले संयुक्त रुपमा गरेका हुन् । पोखरा थिएटरसँगको सहकार्यमा सञ्चालन हुने कार्यशाला ११ दिनसम्म चल्ने पोखरा प्रज्ञा प्रतिष्ठानका कुलपति पदमराज ढकालले बताउनुभयो । 'पौष १ गतेबाट ११ गतेसम्म निरन्तर विहान १० बजेदेखि साँझ ५ बजेसम्म कार्यशाला सञ्चालन गरिनेछ । ११ दिनसम्म पुरा समय दिन सक्ने व्यक्तिलाई मात्र कार्यशालामा सहभागी गराउन खोजेका छौं' कुलपति ढकालले भन्नुभयो । कार्यशालाको सहजीकरण लेखक, निर्देशक तथा कलाकार खगेन्द्र लामिछानेले गर्नुहुनेछ । प्रशिक्षक लामिछानेलेनै आवेदन दिएका मध्येबाट ८ जना छनोट गर्नुभएको पोखरा थिएटरका अध्यक्ष परिवर्तनले बताउनुभयो ।

'हामीले सुचनाजारि गरि नाटकको आवेदन आह्वान गरेका थियौं । उक्त सुचनाको आधारमा १५ नाटककारले आफ्नो नाटक तोकिएको समयभित्रदर्ता गर्नुभएको थियो । १५ नाटकबाट प्रशिक्षक खगेन्द्र लामिछानेले ८ नाटककारका नाटकलाई छनोट गर्नुभएको हो' परिवर्तनले भन्नुभयो । कार्यशाला पोखरा थिएटरको गन्धर्व नाटकघरमा आयोजना हुनेछ ।

# टिप्परको ठक्करबाट युवकको मृत्यु

**पोखरापत्र संवाददाता**
**तनहुँ, २७ मंसिर**

तनहुँको छाङ पाटनबाट खैरेनीटारतर्फ आउँदै गरेको टिप्परको ठक्करबाट सोमबार साँझ एक व्यक्तिको मृत्यु भएको छ । मृत्यु हुनेमा तनहुँको म्याग्दे गाउँपालिका-५ को छाङ पाटन बस्ने ३३ वर्षीय मङ्गल कुमाल रहेका छन् ।

छाङ पाटनबाट खैरेनीटारतर्फ आउँदै गरेको ग१क २९१५ नम्बरको टिप्परले ठक्कर दिँदा कुमालको घटनास्थलमै मृत्यु भएको हो । ठक्कर दिने टिप्परलाई प्रहरीले नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालय तनहुँले जनाएको छ ।

मृतकको शव परीक्षणका लागि दमौली अस्पताल पठाउने तयारी भइरहेको र घटनाको अनुसन्धान थालिएको तनहुँका प्रहरी नायब उपरीक्षक युवराज खड्काले जानकारी दिनुभयो । ठक्कर दिएको विरोधमा स्थानीयवासीले टिप्परमाथि तोडफोड र दोषीमाथि कारबाहीको माग गरेका छन ।


## घर बिक्रीमा

**पोखरा हाउजिङ्ग घारीपाटन-१७ भित्र तपशिल अनुसारको घर बिक्रीमा छ ।**

१. क्षेत्रफल- ७ आना, तला-३
२. कोठा-३ अट्याच, २ कमन वाथरुमको कोठाहरु, किचन, डाईनिङ्ग, सिटिङ्ग रुम तथा स्टोरसहित ।
३. पूर्व दिशा फर्केको ।
४. स्टाफ कोठा, ट्वाइलेट वाथरुमसहित
५. २४ सै घण्टा पानी, विजुली र सेक्युरिटीको सुविधा भएको
६. घरको मूल्यः आपसी समझदारीमा

**सम्पर्कः**
**रमेश मामाः ९८५६०६६२३१**



# हार्दिक बधाई







**श्री किशोरदत्त बराल**

यस भद्रकाली बहुमुखी क्याम्पस, पोखरा-१३, कुँडहरका संस्थापक क्याम्पस प्रमुख साथै संस्थापक सिनेटर सदस्य तथा भद्रकाली माध्यमिक विद्यालय, पोखरा-१३, कुँडहरका पूर्व प्रधानाध्यापक, अत्यन्त अध्ययनशील, जुझारु, सिद्धान्तनिष्ठ र गहन बौद्धिक व्यक्तित्वका धनी आदरणीय **श्री किशोरदत्त बराल**ज्यू नेपाली कांग्रेस, जिल्ला कार्यसमिति, कास्की जिल्लाको सभापति जस्तो गरिमामय पदमा निर्वाचित हुनुभएकोमा **हार्दिक बधाई** ज्ञापन गर्दै वहाँको यो कार्यकाल देश र जनताको सेवाका लागि अत्यन्त फलदायी, परिणाममुखी र सफल् रहोस् भन्ने कामनाका साथ आगामी दिनहरुमा वहाँको उत्तरोत्तर प्रगतिको शुभेच्छासमेत प्रकट गर्दछौं ।

| | | | |
|---|---|---|---|
| बजिरमान श्रेष्ठ | नवराज रेग्मी | लोकबहादुर कार्की | घनश्याम रिजाल |
| अध्यक्ष | क्याम्पस प्रमुख | अध्यक्ष | प्रधानाध्यापक |
| क्याम्पस सं. समिति | भद्रकाली बहुमुखी क्याम्पस | विद्यालय व्य. समिति | भद्रकाली माध्यमिक विद्यालय |

*तथा*

**भद्रकाली बहुमुखी क्याम्पस र भद्रकाली माध्यमिक विद्यालय परिवार**
**पोखरा-१३, कुँडहर**


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।